बैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- १

विषयः– **आन्तरिक राजश्व खातामा जम्मा भएको धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा।**

१. **विषय र विषयको संक्षिप्त व्यहोराः**

फिदिम नगरपालिकामा आवश्यक स्टेशनरी तथा मसलन्द सामान खरिद गर्न बोलपत्र पेश गर्ने सन्दर्भमा जनता बुक्स एण्ड सप्लार्यस, धरान १२ ले कार्यालयको धरौटी खातामा धरौटी रकम जम्मा गर्नुपर्नेमा आन्तरिक राजश्व खातामा रकम जम्मा गरेको हुँदा धरौटी फिर्ता गर्न कार्यालयलाई बाधा परेको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

उल्लेखित फर्मले नेपाल बैङ्क लिमिटेडमा रहेको फिदिम नगरपालिकाको धरौटी खाता नं. ०६७०३०००००३००००००००१ मा धरौटी रकम जम्मा गर्नुपर्नेमा भूलवश सोही बैङ्कमा रहेको कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६७०३०००००१००१०००००१ मा रकम जम्मा गरेको देखिन्छ।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

कार्यसम्पादनको सिलसिलामा जम्मा गर्नुपर्ने धरौटी, जमानत, अर्नेष्ट मनी र कानून बमोजिमका अन्य धरौटी जम्मा गर्न छुट्टै धरौटी खाताको व्यवस्था गरिएको हुन्छ। धरौटी फिर्ता गर्दा समेत सोही खाताबाट मात्र सम्बन्धित पक्षलाई चेकमार्फत भुक्तानी गर्न सकिन्छ। उल्लेखित फर्मले भने धरौटी खातामा धरौटी जम्मा नगरी आन्तरिक राजश्व खातामा रकम जम्मा गरेकोले धरौटी फिर्ता गर्न समस्या भएको हो। आन्तरिक राजश्व खाताबाट धरौटी बराबरको रकम धरौटी खातातर्फ म्यानूअल ट्रान्सफर गरी धरौटी रकम सम्बन्धितलाई उपलब्ध गराउनुपर्ने र आर्थिक कारोबारलाई पारदर्शी बनाउनु पर्ने भएको।

४. **निर्णय हुनुपर्ने व्यहोरा :**

फिदिम नगरपालिकाको लागी आवश्यक पर्ने स्टेशनरी तथा मसलन्द सामान खरिद गर्न ठेक्का नं. PM/SM/NCB/GOODS 5-2079/080 मार्फत बोलपत्र पेश गर्ने सन्दर्भमा जनता बुक्स एण्ड सप्लायर्सले भूलवश फिदिम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको रकम रु साठीहजारमात्र आन्तरिक राजश्व खाताबाट धरौटी खातामा म्यानूअल ट्रान्सफर गर्न कार्यालयलाई अनुमति दिने र कानूनबमोजिम गर्ने।

बैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- २

विषयः– **नगरपालिकामा कार्यरत स्वयंसेवक शिक्षकहरुको सुविधा सम्बन्धमा**

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

फिदिम नगरपालिकाअन्तर्गतका विभिन्न विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षकहरुको सेवासुविधा फरक फरक देखिएकोले सेवासुविधामा एकरुपता बनाउनुपर्ने आवश्यकता रहेको छ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

सम्बन्धित वडा समितिले निर्णय गरी स्वयंसेवक शिक्षकहरुलाई उपलब्ध गराएको सेवासुविधा विद्यालयअनुसार फरक फरक देखिएको र नगरपालिकाले बजेट विनियोजन गरी उपलब्ध गराएको सेवासुविधामा समेत एकरुपता नभएको। एउटै कामका लागी फरक फरक निर्वाह भत्ता उपलब्ध गराउँदा शिक्षकहरुमा नैराश्यता उत्पन्न हुने, मनोवैज्ञानिक असर पर्ने र सिकाई क्रियाकलापको गुणस्तर नै प्रभावित हुनसक्ने जोखिम देखिन्छ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

समान सिप र समयको उपयोग गरी पठनपाठन गराउने विद्यालयका शिक्षकहरुको सेवासुविधामा एकरुपता कायम गरी न्यायोचित, सुधारोन्मुख र वैज्ञानिक कार्यपद्धतिको विकास गर्नुपर्ने भएकोले ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

क) अब उप्रान्त वडाको निर्णयबाट विद्यालय स्वयंसेवक शिक्षक नराख्ने; शिक्षक व्यवस्थापन गर्नै पर्ने भएमा सम्बन्डित वडा शिक्षा समितिले सिफारिस गरी अन्तिम निर्णयका लागी नगर शिक्षा समितिमार्फत नगरकार्यपालिकाको बैठक समक्ष पेश गर्ने/गराउने।

ख) हाल कार्यरत स्वयंसेवक शिक्षकहरुलाई अधिकतम देहायअनुसार निर्वाह भत्ता उपलब्ध गराई सेवासुविधामा एकरुपता कायम गर्ने

- प्रा.वि. तहका शिक्षकहरुलाई प्रति महिना रु. १२,०००/-
- नि.मा.वि. तहका शिक्षकहरुलाई प्रति महिना रु. १४,०००/-
- मा.वि. तहका शिक्षकहरुलाई प्रति महिना रु. १६,०००/-

वैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ३

विषयः– **सामी परियोजनाअन्तर्गत वित्तीय साक्षरता एवं मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालनका लागी वडा छनोट गर्ने सम्बन्धमा।**

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

आ.व. २०७९/८० मा संघीय सशर्त अनुदानतर्फ सञ्चालित सुरक्षित आप्रवासन(सामी) परियोजनाअन्तर्गत वित्तीय साक्षरता एवं मनोसामाजिक परामर्श कक्षा/कार्यक्रम सञ्चालन गर्ने स्थान/वडाको छनोट गर्नुपर्ने भएको ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

वैदेशिक रोजगारबाट प्राप्त भएको कमाइ (विप्रेषण) लाई सदुपयोग गर्न र सही वित्तीय निर्णयहरु लिन सक्षम बनाउन आवश्यक ज्ञान तथा सीप वित्तीय साक्षरता कार्यक्रमले प्रदान गर्नेछ। यस कार्यक्रममा परिवार व्यवस्थापन, वित्तीय लक्ष्य निर्धारण, आय व्यय विश्लेषण, पारिवारिक बजेट, बचत बृद्धि, ऋण, उद्यमशिलता तथा जोखिम न्यूनिकरण र मनोसामाजिक परामर्शका विषयवस्तूहरु सहितका कक्षाहरु कार्यक्रमा समावेश हुन्छन।

आयोजनाको प्रथम पहिलो वर्षमा वडा नं. ९, १३ र १४ तथा दोस्रो वर्षमा वडा नं.१०,११ र १२ मा वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा सञ्चालन गरिएको। बाँकी रहेका वडाहरुमध्ये वैदेशिक रोजगारीमा जाने व्यक्तिको संख्या, वैदेशिक रोजगारीप्रतिको आकर्षण, वडाको आर्थिक गतिविधिसमेतलाई ध्यानमा राखेर कार्यक्रम सञ्चालन हुने स्थान/वडा तोक्नु उपयुक्त हुने।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

यसअघि कार्यक्रम सञ्चालन गरिएका वडा/क्षेत्रमा दोहोरो नपर्ने स्थानीय आवश्कताका आधारमा कार्यक्रम कार्यान्वियन गर्नुपर्ने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

आ.व. २०७९/८० मा संघीय सशर्त अनुदानतर्फ सञ्चालित सुरक्षित आप्रवासन(सामी) परियोजनाअन्तर्गत फिदिम नगरपालिका वडाहरु नं. ०२ र ०५ मा वित्तीय साक्षरता एवं मनोसामाजिक परामर्श कक्षा/कार्यक्रम तोकिएअनुसार सञ्चालन गर्ने/गराउने।

बैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ४

विषयः– **विधायन समितिले मस्यौदा सिफारिस गरेका कार्यविधिहरुको सम्बन्धमा**

१. **विषय र विषयको संक्षिप्त व्यहोराः**

विधायन समितिले फिदिम नगरपालिका अर्थ तथा सार्वजनिक लेखा समिति (कार्यसञ्चालन) कार्यविधि,२०७९, फिदिम नगरपालिका निर्माण व्यवसायी ईजाजत पत्रसम्बन्धी कार्यविधि, २०७९ र फिदिम नगरपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि(पहिलो संशोधन),२०७९ को मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि सिफारिस गरेको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ।उक्त ऐन र ऐनअन्तर्गत बनाईएको फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

फिदिम नगरपालिकाको सार्वजनिक खर्च सञ्चालनको सम्बन्धमा कार्यप्रभावकारीताको कमी भएमा तिनको कारण एवं प्रमाणहरुको खोजी एवं चासो राख्नुका साथै सो सम्बन्धमा कार्यपालिकालाई आवश्यक निर्देशन दिने, निर्देशन बमोजिम कार्यसम्पादन भए नभएको निगरानी गठित अर्थ तथा सार्वजनिक लेखा समितिको काम,कर्तव्य र अधिकारको दायरलाई स्पष्ट गर्नुपर्ने भएकोले।

स्थानीय स्तरको विकास एव निजी क्षेत्रको ज्ञान र विशषज्ञतालाई उपयोग गर्न निजी क्षेत्रको उपस्थितिलाई सहज,पारदर्शी र विश्वसनीय बनाई सार्वजनिक निर्माणमा स्वच्छता कायम गर्नुपर्ने भएकोले।

४. **निर्णय हुनुपर्ने व्यहोराः**

विधायन समितिले मस्यौदा सिफारिस गरेको देहायअनुसार कार्यविधिहरु स्वीकृत गरी राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्ने।

- फिदिम नगरपालिका अर्थ तथा सार्वजनिक लेखा समिति (कार्यसञ्चालन) कार्यविधि,२०७९
- फिदिम नगरपालिका निर्माण व्यवसायी ईजाजत पत्र व्यवस्थापन कार्यविधि, २०७९

वैठक संख्याः- ७४ बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ५

विषयः– **कार्यक्रम/योजनाहरुको सम्झौता गर्ने समयसिमा सम्बन्धमा।**

१. **विषय र विषयको संक्षिप्त व्यहोराः**

मिति २०७९/१०/०५ गते सञ्चालित फिदिम नगरपालिका, नगरसभाको बाह्रौ अधिवेशनले गरेको कार्यक्रम संशोधन र थप कार्यक्रम समेत गरी चालु आ.व. मा वटा योजना/कार्यक्रम स्वीकृत भएका छन्। स्वीकृत भएका कार्यक्रमको हालसम्म भएको प्रगति न्यून रहेको छ। योजना कार्यन्वयनलाई द्रुत गर्न र गुणस्तरीय प्रतिफल प्राप्त गर्न योजना सम्झौताको समयसिमा तोक्नुपर्ने भएको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

आ.व. को आधा समय बितिसक्दा पनि योजना सञ्चालनमा ५०% कार्यप्रगति हुन सकेको छैन। प्रगतिको समिक्षा, समस्या पहिचान समस्याको समाधानका सुधारको निश्चित कार्ययोजना बनाउनुपर्छ। राजनैतिक नेतृत्वको ईच्छाशक्ति र कर्मचारीको जागरुकताबाट योजना/कार्यक्रमहरु गुणस्तरीय तवरबाट समयमै सम्पन गर्न सकिने भएकोले सबैले प्रतिबद्ध भएर लाग्नुपर्ने हुन्छ।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

नगरभित्र धेरै संख्यामा योजना तथा कार्यक्रम भएको। पारदर्शिताको प्रवर्धन गर्न, अनुगमनलाई प्रभावकारी बनाउन र समयमै योजना सम्पन्न गर्न यथाशक्य चाँडो योजना सम्झौता गर्नुपर्ने भएको।

४. **निर्णय हुनुपर्ने व्यहोराः**

फिदिम नगरसभाको १२ औं नगरसभाको अधिवेशनबाट संशोधित कार्यक्रम र थप गरेको योजना/कार्यक्रम समेतको सम्झौता गर्ने समयसिमा २०७९फाल्गुन १५ सम्मलाई तोक्ने र चालु आ.व. मा नगरपालिकाबाट सञ्चालन हुने सबै कार्यक्रम (सडक बोर्ड नेपालसँगको साझेदारीमा गरिने बाहेक) को सम्झौता फागुन १५ गते सम्ममा गर्ने/गराउने।

वैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ६

विषयः– **विविध- (क) योजना अनुगमनको समिक्षा सम्बन्धमा।**

## १. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाको अनुगमन,मूल्यांकन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि,२०७८ दफा ५ मा व्यवस्था भएअनुसार नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपानेज्यूको संयोजकत्वमा गठित नगरस्तरीय अनुगमन समितिले फिदिम नगरपालिकामा आ.व. २०७९/८० मा स्वीकृत कार्यक्रम/योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गरेको छ।

## २. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कुनै पनि कार्यक्रममा निरन्तर MEAL (Monitoring, Evaluation, Accountability, Learning) बाट सुधार गर्न सकियो भने मात्र सकारात्मक परिणाम ल्याउन सकिन्छ। सृजनशिल नेतृत्व तथा व्यवस्थापक विकास गर्न सकिन्छ। हरेक आ व मा सञ्चालन भएका सेवा तथा कार्यको नियमिति अनुगमन, प्रगति, सिकाई र उत्तरदायित्व लिने पद्धतिको विकास गर्नु नै शुसासन हो। सिकाईबाट कमजोरीलाई सुधार र संवोधन हुनुपर्छ। सुधारमा निरन्तरता दिनुपर्छ।

## ३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

यस नगरपालिका तथा अन्तर्गतका निकायहरूबाट सञ्चालित विकास तथा अन्य नियमित कामको नियमित अनुगमन गरी तिनमा भएका सवल तथा सुधारका पक्ष र सिकाई सहितको प्रतिवेदन बनाउनु पर्ने भएको । लक्षित कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति तथा कार्यक्रम सञ्चालन गर्दा पाइएका असल अभ्यास र अवरोधहरूको पनि पहिचान गर्नुपर्छ। यि विषयको पहिचानबाट आगामी अवधिमा सिकाई गरी सुधार गर्दै जानुपर्दछ। हरेक कार्यक्रमको अलग अलग र एकिकृत प्रगति समेत तयार गर्नुपर्नछ।

## ४. निर्णय हुनुपर्ने व्यहोराः

क) योजना/कार्यक्रमहरुको हालसम्मको कार्यान्वयन स्थिति र सुधारका सुझावहरु रहेको नगरस्तरीय अनुगमन समितको प्रतिवेदन(यसैसाथ संलग्न) उपर छलफल गरियो।

ख) प्रतिवेदनमा उठेका सवालहरूलाई आगामी दिनमा संवोधन तथा सुधार गरेर जाने प्रतिवद्धता व्यक्त गरियो।

ग) "फिदिम नगरपालिका टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि,२०७९" बमोजिम चालु आ.व. को चैत्र मसान्तसम्ममा सबै वडाहरुमा टोल विकास संस्थाको गठन गर्ने/गराउने।

बैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ६

विषयः– **विविध- (ख) श्री जलपादेवी आ.वि., फिदिम १३ को अधुरो भवन निर्माण सम्बन्धमा।**

१. **विषयवस्तुको संक्षिप्त व्यहोराः**

श्री जलपादेवी आ.वि., फिदिम १३ को भवन निर्माण कार्य अधुरो अवस्थामा रहेकोले भवन निर्माण कार्यलाई पूरा गर्न आवश्यक पर्ने बजेट व्यवस्थापन गरिदिनुहुन भनी विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न राखी सो विद्यालयले अनुरोध गरेको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

उल्लेखित भवन निर्माण गर्न प्रदेश सरकार, प्रदेश नं. १ बाट अक्षेरुपी रु. पच्चीसलाख (२५,००,०००/-) मात्र सशर्त अनुदान प्राप्त भएको। प्राविधिक लागत स्टिमेटअनुसारको कार्य गर्न अपुग भएको रकम थप विनियोजन गर्नुपर्ने देखिएको ।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

आधारभूत तथा माध्यमिक शिक्षाको रेखदेख, सञ्चालन, अनुगमन र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहमा रहेको; अधुरो अवस्थामा रहेको विद्यालयको भवन निर्माणलाई पूरा गरी पठनपाठनको लागी सहज एवं विद्यार्थीमैत्री वातावरणको सृजना गर्नुपर्ने भएकोले ।

४. **निर्णय हुनुपर्ने व्यहोराः**

फिदिम नगरपालिका, वडा नं. १३ स्थित श्री जलपादेवी आधारभूत विद्यालय को अधुरो अवस्थामा रहेको भवन निर्माण कार्यलाई पूरा गर्न आ.व. २०७९/०८० को स्वीकृत वार्षिक विकास कार्यक्रमको सि.नं. ४ **-विद्यालय पूर्वाधार निर्माण शिर्षकमा** रहेको रकमबाट खर्च लेख्ने गरी अक्षेरुपी रु. पाँचलाख (५,००,०००/-) मात्र विनियोजन गर्ने।

वैठक संख्याः- ७४

बैठक मितिः- २०७९।१०।१५

प्रस्ताव पेश गर्न् अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।१०।१३

प्रस्ताव नं.- ६

विषयः– **विविध- (ग) पल्लोटार युवा क्लब,फिदिम ०२, पाँचथर र कुम्मायक टाईम्सलाई सहयोग गर्ने सम्बन्धमा।**

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

मिति २०७९ पौष २६ गतेदेखि २०७९ माघ १६ गते सम्म फिदिम नगरपालिका, वडा नं. ०१ स्थित फिदिम उच्च माध्यमिक विद्यालयको खेलमैदानमा आयजना गरिएक्रो पुषे मेला सञ्चालन गर्दा भएको खर्चलाई शोधभर्ना गर्न आर्थिक सहायता गरिदिनुहुन भनी पल्लोटार युवा क्लब, पाँचथरको च.नं. १०, मिति २०७९/०९/१७ को पत्रबाट अनुरोध भई आएको छ। यस्तै, नगरपालिका र नगरवासीबीच सूचना आदानप्रदानको माध्यमबाट नगर विकासमा योगदान पुर्याईरहेको कुम्मायक टाईम्स,पाँचथरले समेत आर्थिक सहायता माग गरेको।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

मेलामा सर्वसाधारणको उपस्थिति उत्साहजनक रहेको। मेलामा नेपालको ख्याती प्राप्त सांगितिक समूह "मन्त्र ब्याण्ड" का कलाकारहरुको प्रत्यक्ष साँगितिक कार्यक्रम समेत रहेको।

सहयोग रकम माग भइ आएको। दिने नदिने निर्णय हुनुपर्ने। दिदा पनि संघसंस्थालाई आर्थिक सहायता शिर्षकबाट दिनुपर्ने स्थिति रहेको।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

कोरोना महामारीका कारण मानसिक तनावमा रहेका नगरवासीहरुले मेलामा आयोजना गरिएका सांगीतिक कार्यक्रमबाट आफूलाई तनावमुक्त गराएका। लामो समय स्टेज नपाएका कलाकारहरुलाई स्टेज समेत प्राप्त भएको। स्थानीय पर्यटन प्रवर्द्धन र बजारको आर्थिक गतिविधिमा वृद्धि समेत हुने भएकोले मेला/महोत्सव सञ्चालनमा नगरपालिका उदार एवं सहयोगी हुनुपर्ने देखिन्छ।

समाचार, सूचना एवं संवादका माध्यमबाट नगरले अघि सारेका विकास योजना र कार्यसम्पादबारे नगरवासीहरुलाई सूसूचित गराई नगरपालिका र नगरवासीबीचको दुरी घटाउने महत्वपूर्ण भूमिका निर्वाह गरेकोले आउदा दिनहरुमा समेत सूचना सम्प्रेषण एवं सान्दर्भिक कार्यक्रमहरुको आयोजनाका लागी प्रोत्साहित गर्न सञ्चारमाध्यमहरुलाई सहायता गर्नु उपयुक्त देखिएको।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

क) पुषे मेला सञ्चालन गर्दा भएको खर्चलाई शोधभर्ना गर्न विभिन्न व्यक्ति तथा संघसंस्थालाई आर्थिक सहायता शिर्षकमा रहेको रकमबाट अक्षरेपी रु. पैंतीसहजार(३५,०००/-)मात्र आर्थिक सहायता पल्लोटार युवा क्लब, फिदिम ०२, पाँचथरलाई र सोही शिर्षकबाट खर्च लेख्ने गरी कुम्मायक टाइम्स मासिकलाई पचासहजार रुपैँया आर्थिक सहायता उपलब्ध गराउने।